उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
३ नं प्रदेश नेपाल
Email:-ito.umakundamun@gmail.com
web:-www.umakundamun.gov.np
फोन नं ०४६६९१९२७

Visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या :- २०७६/०७७
चलानी नं :-

## नगर प्रहरी करारमा लिने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:२०७६/१०/०२

उमाकुण्ड गाउँपालिकाको विभिन्न विषयगत शाखा र अन्य क्षेत्रमा कार्य गर्ने गरि तपशिलमा उल्लेखित पदमा देहायको संख्यामा निम्न योग्यता भएको नगर प्रहरी कर्मचारी राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय मा राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

यसको फारम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक र सेवाको सर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं. | पद | पद संख्या | न्युनतम शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|
| १-२०७६/०७७ | नगर प्रहरी, हवल्दार | १ खुला | मान्यता प्राप्त शैक्षिक सस्थाबाट एस.इ.इ. वा सो सरह उतिर्ण | १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको |
| २-२०७६/०७७ | नगर प्रहरी, जवान | १ खुला १ महिला १ | मान्यता प्राप्त शैक्षिक सस्थाबाट आधारभूत तह वा सो सरह उतिर्ण | १८ वर्ष पुरा भई २२ वर्ष ननाघेको |

१. दरखास्त फारम पेश गर्ने अन्तिम मिति:सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म ।
२. दरखास्त फारम पाइने र बुझाउने स्थान: गाउँकार्यपालिकाको कार्यालय, प्रशासन शाखा ।
३. दरखास्त फारम दस्तुर:
नगर प्रहरी हवल्दारको लागी रु ५००/-
नगर प्रहरी जवानको लागी रु ३००/-
४. आवस्यक कागजातहरु:
क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
ख. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।
ग. मान्यता प्राप्त स्वास्थ्य संस्थावाट निरोगिताको प्रमाणपत्र ।
घ. सम्वन्धित ईलाका/ वडा प्रहरी कार्यालयबाट हालसालै जारी भएको चारित्रिक प्रमाणपत्र ।
५. अन्य शर्तहरु:
क. पुरुषको हकमा न्युनतम उचाई ५ फिट २ ईन्च, छाती फुलाउँदा ३३ र नफुलाउँदा ३१ ईन्च भएको, तौल ५० के.जी. भएको, महिलाको हकमा उचाई न्युनतम ५ फिट, तौल ४५ के.जी. ।
ख. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएका ।
ग. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको ।
घ. अन्य कुराहरु उमाकुण्ड गाउँपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७६ बमोजिम हुनेछ ।
६. आवेदकले परिक्षा सम्वन्धी अन्य जानकारीका लागि दर्खास्त पेश गर्ने अन्तिम मितिको भोलीपल्ट गाउँपालिकाको प्रशासन शाखामा सम्पर्क गर्नुपर्ने छ ।
७.परिक्षाको किसिम: दौड, शारिरीक अभ्यास तथा अन्तरवार्ता ।

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

ईश्वरी प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत